दस

# नेपाली मिडियामा मधेसी पत्रकार

## चन्द्रकिशोर

वरिष्ठ पत्रकार राजेश्वर नेपालीका अनुसार पहिलो मधेसी पत्रकार काठमाडौँमा क्रियाशील रहनुभएका रघुनाथप्रसाद गुप्ता हुनुहुन्थ्यो । वि.सं. २००७ को सेरोफेरोमा प्रारम्भ भएको मधेसी पत्रकारहरूको सक्रियता २०१७ सालपछि मन्द भएको थियो र २०४६ सालको जनआन्दोलनपछि फेरि उत्साहका साथ क्रियाशील भएको थियो (चन्द्रकिशोर २०५८) । २०६३ माघमा भएको मधेस विद्रोहपछि नेपाली सञ्चारमाध्यमका लागि मधेस र मधेसी पत्रकारको महत्त्व केही बढेको अनुभव गरिएको छ । सङ्ख्याको हिसाबले कति मधेसी पत्रकारहरू क्रियाशील छन् वा पेशाको रूपमा उनीहरूले पत्रकारितालाई अँगालेका छन्, यसको यकिन तथ्याङ्क छैन । मिडियामा समावेशी वा बहुलतालाई जोडेर केही अध्ययनहरू भए पनि तिनले सगोल उत्तर दिन सकेका छैनन् । आदिवासी जनजाति पत्रकारहरूलाई सङ्गठित गर्दै नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) को स्थापना गरिएजस्तै पछिल्ला वर्षहरूमा मधेसी पत्रकारहरूलाई गोलबन्द पार्ने क्रियाकलाप काठमाडौँ र मधेसमा भएको छ । मधेस मिडिया मिसन, मधेस विकास पत्रकार सङ्घ, मधेस पत्रकार सङ्घर्ष समूह यसका केही उदाहरण हुन् । त्यसबाहेक मैथिली, भोजपुरी र अवधी भाषाका नाममा पनि मधेसी पत्रकारहरू सङ्गठित भएको पाइन्छ । तर उनीहरूसँग पनि मधेसी पत्रकारको सङ्ख्या यकिन गर्ने भरपर्दो तथ्याङ्क छैन ।

सञ्चारमाध्यममा मधेसीहरूका लागि पहिलाभन्दा प्रवेश यतिखेर सहज भए पनि सङ्ख्यात्मक र गुणात्मक उपस्थिति अझै सन्तोषजनक छैन । मधेसमा उनीहरूको दुई थरिको उपस्थिति छः एउटा स्थानीय सञ्चारमाध्यममा काम गर्ने र अर्को राजधानीस्थित सञ्चारमाध्यममा काम गर्ने । यी दुवैतिरको उपस्थिति पछिल्ला वर्षहरूभन्दा मधेसी विद्रोहपछि बढेको छ । सञ्चार संस्थाहरूले पनि आफू भित्रको एकात्मक प्रभावलाई सुधार र परिवर्तन गर्नु पर्दछ भन्ने दबाब महसुस गरेका छन् र यसले गर्दा पनि अन्य समुदाय सँगसँगै मधेसीहरूको उपस्थितिलाई बढाएको छ ।

स्वयम् मधेसीहरू पनि पत्रकारितामा 'करियर' भरपर्दो छ भन्ने दृष्टिकोण राख्न थालेका छन् र पत्रकारिता रोजगारीको आकर्षक एउटा अवसरको रूपमा देखिएको छ । यसले पनि मधेसीको उपस्थितिलाई हौस्याएको छ । तर पनि पत्रकारितामा अपेक्षाकृत मधेसी पत्रकारहरूको सङ्ख्या न्यून नै छ ।

भनिन्छ, लोकतन्त्र आफैँ एउटा यस्तो सञ्चार व्यवस्था हो जसमा जनताले आफ्ना विचार र दृष्टिकोणलाई खुलस्त रूपमा र व्यवधानरहित ढङ्गले भन्न पाउने मात्र होइन अरूका विचार र दृष्टिकोणलाई पनि जान्न पाउने हक राख्दछ । सूचनामाथि जुन समुदायले जति बढी अधिकार राख्न सक्दछ त्यति नै मात्रामा त्यो समाज आधुनिक र अग्रगतिको नजिक पुग्न सक्दछ । सुसूचित हुने र सुशिक्षित बन्ने आम जनताको नैसर्गिक अधिकारको रक्षा गर्ने अभिभारा सञ्चारमाध्यमको हो । यसै परिप्रेक्ष्यमा नेपाली पत्रकारितामा आवश्यक रहेको स्वामित्व, सन्देश र सञ्चारकर्मीमा बहुलवादी संरचना हुनुपर्ने मिडिया विश्लेषकहरूको अभिमत तर्कपूर्ण देखिन्छ र यहीँनिर मधेसी पत्रकारको उपस्थितिबारे खोजखबर सान्दर्भिक हुन जान्छ ।

## यक्ष प्रश्न

मधेस मिडिया मिसन नेपालद्वारा २०६४ पुस १६-१८ मा लहानमा आयोजित 'तराईका सञ्चारकर्मीहरूका लागि सकारात्मक तथा सुरक्षित वातावरण निर्माण' विषयक कार्यशालामा श्रीलाल साह र श्यामसुन्दर शशिले उठाएका सवालहरू मधेसी पत्रकारका सन्दर्भमा मननीय छन्:

> त्यसो त मधेसी पत्रकार र मधेसी सञ्चारमाध्यमहरू हुँदै नभएका होइनन् । तर अधिकांश मधेसी पत्रकारहरू खासगरी राष्ट्रिय सञ्चारसँग सम्बद्ध पत्रकारहरूले मधेसको प्रतिनिधित्व गर्न सक्ने अवस्था छैन नै, आफ्नो योग्यता र क्षमताको आधारमा हक अधिकार कायम गराउन सक्ने अवस्था पनि छैन (साह २०६४) ।

> ... राष्ट्रिय पत्रपत्रिकाहरूको लागि गरिने पत्रकारिता त यस धन्धामा लागेका पत्रकारहरू जतिको दुःखी अरू कोही होला जस्तो लाग्दैन । कारण सञ्चार गृहहरूको अघोषित नीतिसँग मेल खाने समाचार लेख्नेहरू आफ्ना सञ्चार गृहहरूमा पनि सम्मानित र प्रशंसित हुन्छन् र यिनीहरूको समाचारले राम्रो स्थान पनि पाउँछ । आफ्नो माटोको माया गर्नेहरू उपेक्षित हुन्छन् र सधै सङ्कटमा पनि । विभिन्न पत्रपत्रिकाहरूको शीर्षकतर्फ ध्यानाकर्षण गर्नुहोस्– मधेसी दल वा मोर्चाहरूको टूटफूटको समाचार बढी प्रकाशमा आएका छन् कि जुट वा मोर्चा भएको समाचार ? टूटफूटका समाचार लेख्ने पत्रकारहरू पपुलर भएका छन् कि जुटका समाचार लेख्ने पत्रकार ? अतः मधेसबाट पत्रकारिता गर्ने केही मधेसी पत्रकारहरू समेत पहाडी राज्य सत्ताका अघोषित दलाल भएर बस्न रुचाउँछन् वा बाध्य हुन्छन् । यस्तो परिस्थितिमा पत्रकारिता गरिरहनु भएका मधेसी पत्रकारहरूसँग आम मधेसीको एउटा सहज जिज्ञासा हुन सक्छ– आफ्नो इस्युसँग सम्झौता गरेर किन गर्ने यस्तो पत्रकारिता ? यहाँहरूको जिज्ञासालाई अति उच्च सम्मान गर्दै मधेसी पत्रकारहरूको तर्फबाट म के भन्न चाहन्छु भने मधेसी पत्रकार जतिसुकै बदमास वा दलाल भए पनि अरूभन्दा राम्रो गर्छन् । ऊ हुँदा मधेसमा अधिकार जति सुरक्षित हुन्छ अरू हुँदा त्यो सम्भव छैन (शशि २०६४) ।

यी दुई अभिमतको आलोकमा विश्लेषण गर्दा निम्न कुराहरू प्रस्ट हुन्छन्:

- राष्ट्रिय सञ्चारमाध्यममा आबद्ध मधेसी पत्रकारहरूले समग्र मधेसको प्रतिनिधित्व गर्न सकेका छैनन् ।
- क्रियाशील मधेसी पत्रकारहरू आफ्ना क्षमता अनुसारको अवसर र आदर पाउन सकिरहेका छैनन् ।
- राष्ट्रिय सञ्चारमाध्यममा आबद्ध मधेसी पत्रकारहरूले स्थानीयताको सवालमा नकारात्मक समाचार बढी सम्प्रेषण गर्नुपर्ने बाध्यता छ ।
- राष्ट्रिय सञ्चार गृहहरूको अनुकूल तर स्थानीय बासिन्दाको भावना विपरित सम्प्रेषण गर्ने पत्रकारहरूले अवसर र आदर बढी पाउने गरेका छन् ।
- राष्ट्रिय सञ्चार गृहहरूले स्थानीयताको अनुकूलताभन्दा पनि आफ्नो अनुकूलता र अपेक्षा अनुसारको समाचार सामग्री सम्प्रेषण गर्न खोजेका छन् ।
- राष्ट्रिय सञ्चार गृहको अनुकूलतालाई केवल शिरोधार्य गर्ने मधेसी पत्रकारहरू समाजमा आरोपित हुने गरेका छन् ।
- परिवन्दका जालोमा जेलिएर रहे पनि सामुदायिक हितका लागि मधेसी पत्रकारहरू राष्ट्रिय सञ्चार गृहहरूसँग आबद्ध रहिरहनु मनासिब छ ।

साह र शशिको अभिमत क्रियाशील मधेसी पत्रकारहरूको औसत बुझाइ वा ठम्याइ हो । यसका साथै यसले के समेत देखाएको छ भने मधेसी पत्रकारबाट

मधेसी समुदायले विशेष अपेक्षा मात्र राखेको हुँदैन सञ्चार गृहहरूले पनि आफ्नै अनुकूलताको चौघेरामा मधेसी पत्रकारहरूबाट मधेसी समुदाय विशेषकै सामग्री खोजेका हुन्छन् ।

## तीतो अनुभव

सञ्चार गृहहरूको स्वभाव नियन्त्रणात्मक र निर्देशनमुखी भएको हुनाले कार्यरत पत्रकारको निजत्वलाई महत्त्व दिइँदैन । फलतः यसको चेपुवामा मधेसी पत्रकारहरू पर्ने गरेका छन् । यस्तै अनुभव अन्य समुदायविशेषका पत्रकारका पनि होलान् । प्रत्येक सञ्चारकर्मीले प्राप्त गरेको दक्षता, सीप र स्रोतको मूल्याङ्कन, प्रोत्साहन दिने जिम्मेवारी जति कुशलता र इमानदारीका साथ सञ्चार गृहले गर्न सक्छ त्यति नै मात्रामा त्यो लोकतान्त्रिक र व्यावसायिक कहलिन्छ । यसैले मिडियालाई जनमुखी बनाउनका लागि मिडियाको लोकतन्त्रीकरण झन् महत्त्वपूर्ण विषय बनेको छ । पत्रकार विनयकुमार कसजू (२०६३) को शब्दमा "नेपाली सामन्ती परम्परामा हुर्केको समग्र सञ्चार प्रणालीकै लोकतन्त्रीकरण गरिनु अति आवश्यक छ ।"

पत्रकार जय निशान्तको अनुभवमा एउटा मधेसी पत्रकारले भावना, भाषा र व्यक्तिको तहमा सङ्घर्ष गर्नुपर्ने अवस्था विद्यमान छ । नेपालको मूलधारको मिडियामा नेपाली भाषाको वर्चश्व स्थापित रहेको हुनाले विशेषगरी विद्युतीय सञ्चारमाध्यममा मधेसीहरूले 'पहाडी लवज' उच्चारण गर्न नसक्दाको अवस्थामा हीनतावोध गर्नुपर्ने हुन्छ । एउटा सक्षम पत्रकारको गुण हुँदाहुँदै पनि 'लवज' को कारणले ऊ अवसरबाट वञ्चित भइरहेको हुन्छ । क्रियाशील मधेसी पत्रकारले मधेससँग सरोकार राख्ने सामग्री वा व्यक्तित्वलाई पस्किन खोज्यो भने उसलाई साम्प्रदायिक भनेर लक्षित गर्ने, राम्रो अर्थमा नलिने, घुमाई-फिराई निर्देशन दिने गरिएको अवस्था पनि छ । यद्यपि मधेसी विद्रोहपछिको अवस्थामा 'डेस्क' वालाहरूको माइण्डसेटमा, मन्द गतिमा नै सही, परिवर्तन हुन थालेको छ ।

पत्रकार कृष्ण सर्वहारीको अनुभव छ, "हामीले त मेहनत गर्छु भनेर पनि काम नपाइने अवस्था छ । अहिले पनि सञ्चार गृहहरूमा खास-खास थरका पत्रकारहरूलाई मात्र च्याप्ने परिपाटी अन्त हुनसकेको छैन । कतै दाहाल सम्पादक भयो भने त्यहाँ दाहालमय नै भइहाल्दो रहेछ । यस्तोमा तराई/मधेसका पत्रकार कहाँबाट फेला पार्नु ?" उनले लेख्ने क्रममा कुनै टिपिकल शब्द उल्लेख हुन गयो भने हेय दृष्टिले हेर्ने, 'थरुहट' लेख्यो भनेर लाञ्छना लाउने गरेको तीतो अनुभव सँगालेका छन् । त्यस्तै आफ्नो क्षेत्रविशेषका कला-संस्कृति वा चासोबारे चर्चा

गर्न खोज्यो भने नामूद सञ्चार गृहहरूमा पनि त्यस्तो विषयको के महत्त्व छ र भने जस्तो व्यवहार गरिएको विडम्बनापूर्ण अवस्था छ ।

दैनिक पत्रकारिताको अनुभव बटुलिसकेका तुलानारायण साह भन्छन्, "सञ्चार गृहहरू अद्यापि मधेसी मैत्री हुन सकिरहेका छैनन् ।" मधेसी पत्रकारहरूको क्षमतालाई कम आँकलन गर्ने, जिस्काउने, यसले के नै गर्न सक्ला भनेर हेलाँ गर्ने गरेको अनुभव साहसँग छ । उनका अनुसार सहकर्मीहरू सहज रूपमा कुरा नगर्ने, सहयोग र समन्वय कमै गर्ने गर्दछन् । त्यस्तै भारतीय दूतावासको दलाल भन्ने जस्ता प्रवृत्तिहरू ब्यहोर्नु मधेसी पत्रकारको अर्को नियति हो । मिडियामा विद्यमान साम्प्रदायिक भेदभावलाई हेर्दा मधेसी-पहाडीबीच देशमा देखिने द्वन्द्वका लागि नेपाली सञ्चारमाध्यम पनि जिम्मेवार देखिन्छ भन्ने धारणा पत्रकार धीरेन्द्र प्रेमर्षिको छ (प्रेमर्षि सन् २००६) । उनका अनुसार यस्तो विभेदले अधिकांश मधेसी सञ्चारकर्मीहरू स्वयं पनि दोस्रो दर्जाको नागरिक हुँ भन्ने भावनाबाटै क्रियाशील छन् र मिडियाले पनि उनीहरूलाई त्यही रूपमा उपयोग गरेको छ ।

अचेल एफएम स्टेसनहरूको सङ्ख्या बढिरहेको छ र मधेसतिर पनि एफएमको उपस्थिति बाक्लिँदै छ । आफ्नो स्टेसनमा मधेसीलाई जोड्नुपर्ने अप्रत्यक्ष दबाबका कारण मधेसीको उपस्थिति रेडियो प्रसारणमा पनि बढेको छ । तर पनि निर्णायक तहमा मधेसीहरूको उपस्थिति आसलाग्दो छैन । प्रायः मधेसी पत्रकारहरू संवाददाताको तहमा छन् । अधिकांशलाई त स्थानीय भाषाको कार्यक्रमको जिम्मेवारी दिइएको छ तर केही ठाउँमा त त्यसैमा पनि उनीहरूको वर्चश्व हुन सकिरहेको छैन । तसर्थ मिडियालाई साँच्चिकै समावेशी बनाउने हो भने पिछडिएका विभिन्न समुदायका साथमा मधेसी पत्रकारलाई पनि काम गर्ने अवसर दिइनु पर्दछ । मधेस राष्ट्रिय सञ्चार गृहहरूका लागि सूचनाको स्रोत मात्र होइन, पाठक, दर्शक, श्रोताका साथै विज्ञापनको ठूलो बजार पनि हो । त्यसैले पनि मधेसका सवाललाई र मधेसी सञ्चारकर्मीलाई नेपाली मिडियाले समेट्न जरुरी छ । स्रोतको बाँडफाँट समानुपातिक हुन नसकेको गुनासो पत्रकार राजेशकुमार कर्णको छ । उनी लेख्छन्:

> ... सरकारी स्तरमा रहेको प्रेस काउन्सिल, गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, रेडियो नेपाल र रासस जस्ता निकायहरूमा मधेसी प्रतिनिधित्व र पहुँच अति न्यून छ । यसैगरी विभिन्न गैरसरकारी स्तरमा वातावरण पत्रकार समूह र समाज, नेपाल प्रेस इन्स्टिच्यूट, सञ्चारिका समूह, एन्टेना फाउन्डेशन, इक्वेल एक्सेस, पानस जस्ता सञ्चार जगतसँग आबद्ध संस्थाहरू जसले वार्षिक मोटो रकम दातृ निकायहरूसँग जनहित र जनवकालतको नाममा लिई कार्यक्रमहरू सञ्चालन गर्ने गरेका छन्, त्यहाँ पनि ठूलो

> भेदभाव छ । अधिकांश कार्यक्रमहरू काठमाडौँ उपत्यका र पहाडमा सञ्चालित सञ्चारमाध्यमहरूबाट आपसी तालमेलमा प्रकाशन/प्रसारण हुने गरेको छ भने मधेसमा धेरथोर गरिए पनि मधेसीको लागि गरिएको छैन । ...यसबाहेक स्वास्थ्य, शिक्षा, आर्थिक लगायतका पत्रकार समूहहरूको कुरै छाडौँ, नेपाल पत्रकार महासङ्घ, नेपाल प्रेस यूनियन र प्रेस चौतारीको नेतृत्व तहमा मधेसी छैनन् (कर्ण २०६४) ।

काठमाडौँबाट प्रकाशित राष्ट्रिय दैनिकहरूले मधेसमा कमै मधेसी पत्रकारलाई संवाददाता बनाएका छन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूमा पनि मधेसीहरूको उपस्थिति शून्य छ भने पनि हुन्छ । नेपालमा सर्वाधिक सुनिने बीबीसी नेपाली सेवामा केवल एक जना वृजकुमार यादवले सिङ्गो मधेसी समुदायको प्रतिनिधित्व गरिरहेका छन् । मधेसी पत्रकारहरूमा पनि दलित, आदिवासी, अल्पसङ्ख्यक धार्मिक समुदाय र महिलाको सङ्ख्यात्मक र गुणात्मक उपस्थितिलाई बढाउन सकिएको छैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर मधेसी विद्रोहका कारण हुन पुगेको स्वाभाविक परिणाम जस्तै मात्रै अनुभव हुन्छ । राज्य नियन्त्रित सञ्चारमाध्यमहरूमा पनि जनशक्तिमा बहुलता राख्ने परिपाटीमा व्यापक र आधारभूत परिवर्तन हुन सकेको छैन । फलतः मधेसी पत्रकारहरू पनि 'शो पिस' का रूपमा पहिला पनि राखियो अहिले पनि त्यही क्रम रहेको छ । सरकारी सञ्चारमाध्यमहरूमा संवाददाताका रूपमा रहेका मधेसी पत्रकारहरूको अरू जस्तै आत्मविश्वास, स्वतन्त्रता र आजीविकालाई सुरक्षा गर्ने काम भएको छैन तर यसका लागि तीव्र दबाब रहेको छ ।

## अवसर बढ्दैछ

२०६३ माघमा भएको मधेस विद्रोहपछि 'तराई/मधेस' पत्रकारिताको विकाउ बिटको रूपमा देखा परेको छ । यसले मधेसी पत्रकारहरू समक्ष चुनौती र सम्भावनाहरू पनि प्रशस्त निम्त्याएको छ । मधेसमा द्वन्द्व बढिरहेको अवस्था छ । यस्तो अवस्थामा समुदायमा सहज पहुँच बनाउन, समुदाय विशेषको संवेदनशीलतालाई आत्मसात गर्न र सामाजिक-आर्थिक अन्तरप्रवाहलाई बुझ्न मधेसी पत्रकारलाई नै सजिलो हुन्छ । मधेसी समाजमा सूचनाको स्रोतसम्म पुग्न सापेक्षतः मधेसी पत्रकारले वजनदार भूमिका निर्वाह गर्न सक्दछ भन्ने सोचाइको एउटा चरण राष्ट्रिय सञ्चार गृहहरूमा प्रारम्भ भएको छ । यसले मधेसी पत्रकारहरूका लागि अवसरको आयतन फराकिलो बनाउँदै छ ।

केही मधेसी पत्रकारले अवसरको सहज उपयोग गरिरहेका पनि छन् । *नेपाली टाइम्स*का पत्रकार प्रशान्त झा आफू अङ्ग्रेजी पत्रकारितामा संलग्न

भएको हुनाले अवसर प्राप्तिमा कटु अनुभव ब्यहोर्नु नपरेको अनुमान गर्छन् । तापनि उनको अभिमत छ, "राज्यमा गैरमधेसीहरूको वर्चस्व रहेको हुनाले मधेसी सञ्चारकर्मीहरूले अपेक्षाकृत सहज र सरलरूपमा सूचना प्राप्त गर्न सकिरहेका हुँदैनन् र सूचना स्रोतमा पहुँच कम हुनासाथ सञ्चार क्षेत्रमा कोही पनि टिकिरहन वा उत्कर्ष गमन गर्न सक्दैन ।" प्रशान्त आफूलाई मधेसी विद्रोहपछि *नेपाली टाइम्स*मा स्तम्भ लेखनको जिम्मेवारी प्राप्त भएको अनुभव सुनाउँछन्, "मधेसी पत्रकारले थप अवसर पाउने गरेको उदाहरण म नै हूँ ।"

राष्ट्रिय समाचार समिति (रासस) मा कार्यरत शीतलप्रसाद महतोको अनुभवमा क्षमता भयो भने अवसरको आयतन आफैँ फैलिँदै जान सक्दछ । महतोका अनुसार राससमा सर्वाधिक फिचर प्रकाशन गर्नेहरूमध्ये उनी पनि पर्ने गरेको तथा कहिल्यै पनि मधेसी पत्रकारले पठाएको हो भनेर उनको समाचारलाई उपेक्षा गरिएको छैन । महत्त्वपूर्ण कार्यक्रम आयोजना हुँदा पनि रिपोर्टिङको जिम्मेवारी आफूलाई नै प्राप्त भइरहेको बताउँदै विभेदको अनुभूति नभएको दाबी गर्छन् महतो ।

जुन अनुपातमा तालिम, प्रशिक्षणहरूको क्रम बढेको छ, त्यसमा क्रियाशीलता र निरन्तरता देखायो भने मधेसीहरूले आफ्ना प्रभावशाली उपस्थिति राख्न सक्दछन् । प्रशिक्षकद्वय मोहन मैनाली र हस्त गुरुङको अनुभव पनि यस्तै रहेको छ । क्षेत्रीय स्तरमा हुने छोटा अवधिका आधारभूत तालिममा मधेसीहरू पनि बढी नै देखिएका छन्, तर अरू पिछडिएका समुदाय जस्तै मधेसी समुदायका पनि थोरै व्यक्तिहरूले मात्र तालिमपछि पत्रकारितालाई निरन्तरता दिने गरेको पाइन्छ । निश्चित रूपमा जे जति मधेसी पत्रकारहरू सङ्घर्ष गरेर पत्रकारितामा टिकेका छन् तीमध्ये केहीले त आफ्नो मौलिक पहिचान बनाउन पनि सफल भएका छन् ।

मोफसलका सञ्चारमाध्यमहरू पनि राज्यको दृष्टिकोण, असमान सामाजिक व्यवस्था, सामाजिक सुरक्षाको अभाव, प्राविधिक ज्ञानको कमीले गर्दा कम सशक्त छन् र मधेसी पत्रकारहरूले पनि यस्ता चुनौतीको सामना गर्नु परिरहेको छ । पछिल्ला वर्षहरूमा आफ्नै सम्पादन/प्रकाशनमा साप्ताहिक/दैनिक पत्रिकाहरू निकाल्ने, एफएमहरूमा पूँजी लगाउने जस्ता कामहरू पनि भइरहेको छ ।

मधेसी समुदायले मधेसी पत्रकारहरूबाट मधेसकै बारेमा लेखून् तथा राष्ट्रिय सञ्चार गृहहरूले पनि मधेसी केन्द्रित सामग्रीहरूलाई प्राथमिकतापूर्वक स्थान दिऊन् भन्ने अपेक्षा राखेका छन् । मधेसी पत्रकारहरूले आफ्ना क्षमता विकास गरेर नेपाली पत्रकारिताको प्रतिस्पर्धामा आफूलाई टिकाउन सक्दछन् । त्यसका लागि उनीहरूले केही खास 'बिट' हरू समात्नुपर्ने हुन्छ । यस्तो 'बिट' पनि

तराई/मधेससँगै जोडिएको हुन सक्छ, जस्तो– सीमापार अपराध, सीमावर्ती भारतीय राज्यको सामाजिक-आर्थिक-राजनीतिक अवस्था र त्यसले नेपालमा पार्ने प्रभाव, सिमावर्ती अर्थतन्त्र, औद्योगीकरण, सामाजिक द्वन्द्व, सहरीकरण, सिँचाई, मरुभूमीकरण, बाढी/शीतलहर जस्ता प्राकृतिक विपत, वन, कृषि, मधेसी संस्कृति, भूमि व्यवस्थापन आदि । मधेसी विद्रोहपछि त तराई/मधेसको राजनीति स्वयं एउटा बिटको रूपमा विकसित हुँदै गइरहेको छ, यसमा पनि आफ्ना क्षेत्रका बारेमा बढी जानकारी राखेर अगाडि बढ्न सकिन्छ ।

## निष्कर्ष

जनआन्दोलन २०६२/६३ र मधेसी विद्रोहपछि मिडियाको लोकतन्त्रीकरण र बहुलवादी संरचनाको मुद्दा जोडतोडले उठेको छ । मिडियाको स्वामित्व, सम्पादन र सम्प्रेषणमा बहुलता हुनुपर्ने कुरा बहसको स्तरमा त आएको छ नै, स्वीकार्यता र अवलम्बनको तहमा समेत धेरथोर पुग्न थालेको छ ।

नेपाली पत्रकारिताले नै सहज र निष्कण्टक चरणमा गुज्रन पाएको छैन । केन्द्रिकृत राज्य व्यवस्थाका कारण काठमाडौँबाहिरको मिडियाका चुनौती झन् धेरै छन् । त्यसैले मोफसलको पत्रकारिताले व्यहोर्नुपरेको चुनौती र अन्तर्विरोधभन्दा टाढा मधेसी पत्रकारहरू पनि छैनन् । त्यसबाहेक मधेस र मधेसी समुदाय राष्ट्रिय मूलधारबाट अलग पारिएको ऐतिहासिक त्रुटिको दुष्परिणाम पत्रकारिता क्षेत्रमा प्रवेश गरेका मधेसीहरूले पनि व्यहोर्नु परिरहेको अवस्था छ । मधेसी पत्रकारहरू अलग पहिचानको खोजीमा नभई अर्थपूर्ण भूमिकाको खोजीमा रहेका छन् ।

केन्द्रीय सञ्चारमाध्यममा मधेसी सञ्चारकर्मीको राम्रै उपस्थिति र योगदानको महत्त्व आफ्नो ठाउँमा छँदैछ । तर पूर्व भद्रपुरदेखि पश्चिम कञ्चनपुरसम्मबाट प्रकाशित नेपाली सञ्चारमाध्यम र राष्ट्रिय भाषाका प्रकाशनहरूमा मधेसी पत्रकारहरूले खेल्न सक्ने रचनात्मक भूमिकालाई पनि कम आँकलन गर्न मिल्दैन । लोकतन्त्रको सुदृढीकरण र देश विकासमा मधेसी सञ्चारकर्मीहरूको प्रभावशाली उपस्थिति आजको अपरिहार्य आवश्यकता हो । आज पत्रकारितामा मधेसी पत्रकारहरूको सशक्तीकरण एउटा मुख्य विषय हो जसले मुलुकको एउटा समुदायलाई देश विकासको प्रक्रियामा योगदान गर्न सक्षम बनाउँछ, उत्प्रेरित गर्छ ।

मधेसी पत्रकारका अप्ठ्याराहरूमध्ये भाषा मुख्य समस्या हो । त्यसपछि व्यावसायिक दक्षताको कमी र अवसरको लागि कडा प्रतिस्पर्धाजस्ता समस्याको सामना उनीहरूले गर्नु परिरहेको छ । पत्रकारितासँग सम्बद्ध सङ्घसंस्थाका नेतृत्व तहमा मधेसी पत्रकारको सङ्ख्या अत्यन्तै कम छ । यद्यपि केही सकारात्मक

सङ्केत देखिन थालेका छन् । मधेसी पत्रकारहरूले पनि आफूलाई मधेसका विषयवस्तुका साथै राष्ट्रिय चासो, पत्रकारितामा विकसित हुँदै गएको विषयगत क्षेत्रमा पनि आफूलाई स्थापित गर्ने जमर्को गरिरहेका छन् । सङ्घर्ष गर्नेहरूले सफलता पाएको उदाहरण देखिन थालेका छन्, यो सुखद पक्ष हो ।

के चाहिँ सत्य हो भने समावेशीकरणको मुद्दा देशमा सघन रुपमा उठेको छ । साथै मधेस विद्रोहपछि स्थिति पहिले जस्तो छैन । यी विभिन्न परिस्थितिले मधेसीका लागि पनि अवसरका ढोका खोलिदिएका छन् । ती अवसरबाट मधेसी समुदायले पनि पत्रकारिताको महत्त्व बुझेर यसतर्फ आकर्षित हुनुपर्‍यो, त्यसपछि व्यावसायिक दक्षताका निमित्त प्रशिक्षित हुनुपर्‍यो अनि अवसरका लागि प्रतिस्पर्धामा उत्रन सक्ने क्षमता र सफलताका लागि धैर्य गर्न सक्नुपर्‍यो । नेपाली पत्रकारितामा आफ्नो भूमिका खोज्नका लागि मधेसीहरू पहिला आफैँ प्रतिबद्ध देखिनुपर्छ । त्यसबाहेक नेपाली सञ्चारमाध्यमले पनि आफूलाई लोकतान्त्रिक पार्नका लागि मधेसी सञ्चारकर्मीलाई समेट्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


कर्ण, राजेशकुमार । २०६४ । सञ्चार जगतमा मधेस कहाँ ? मधेस मिडिया मिसन नेपालद्वारा लहानमा आयोजित 'तराईका सञ्चारकर्मीहरूका लागि सकारात्मक र सुरक्षित वातावरण निर्माण' विषयक कार्यशालामा प्रस्तुत टिप्पणीपत्र, १७ पुस ।

कसजू, विनयकुमार । २०६३ । *मिडियाको लोकतन्त्रीकरण* । काठमाडौँः सञ्चार अधिकार केन्द्र, मिडिया सर्भिसेज इन्टरनेशनल ।

चन्द्रकिशोर । २०५८ । नेपाली पत्रकारितामा मधेसी पत्रकार । *खबर,* साउन-भदौ, पृ. ४-६ ।

प्रेमर्षि, धीरेन्द्र । सन् २००६ । मधेसको टुटुल्को मात्र देख्ने नेपाली मिडिया । *मधेसः समस्या र सम्भावना* । बसन्त थापा र मोहन मैनाली, सं., पृ. १२७-१५३ । ललितपुरः सोसल साइन्स बहाः ।

शशि, श्यामसुन्दर । २०६४ । मधेसको पत्रकारिताः समस्यै समस्या । मधेस मिडिया मिसन नेपालद्वारा लहानमा आयोजित 'तराईका सञ्चारकर्मीहरूका लागि सकारात्मक र सुरक्षित वातावरण निर्माण' विषयक कार्यशालामा प्रस्तुत कार्यपत्र, १७ पुस ।

साह, श्रीलाल । २०६४ । मधेसमा सञ्चार र सञ्चारकर्मीहरू । मधेस मिडिया मिसन नेपालद्वारा लहानमा आयोजित 'तराईका सञ्चारकर्मीहरूका लागि सकारात्मक र सुरक्षित वातावरण निर्माण' विषयक कार्यशालामा प्रस्तुत कार्यपत्र, १७ पुस ।